तुलसिपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नदीजन्य पदार्थ ढुवानीका लागी दश चक्के टिप्पर भाडामा लिने सम्बन्धि दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति:२०८१।०२।०९)

- तुलसीपुर उपमहानगरपालिकाको सवारी साधन परिचालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधी, २०७९ को दफा १२ र मिति २०८१।०२।०३ गतेको स्वीकृत टिप्पणी अनुसार यस तुलसीपुर क्षेत्र भित्र रहेका नदिबाट नदिजन्य पदार्थ तोकिएको स्थानमा ढुवानी गर्नु पर्ने भएकोले इच्छुक फर्मका लागि घटिघटाउमा टिप्पर भाडामा लिनको लागि सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ।

| क्र. स | ठेक्का विवरण | अधिकतम अंक ईन्धन सहित (भ्याट सहित) प्रति टिप्पर ,प्रति दिन | भाडामा लिने गाडिको संख्या | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | नदिजन्य पदार्थ ढुवानीको लागि १० चक्के टिप्पर भाडामा लिने। | २०,०००।- | ४ | कबोल अंकको ५% | १०००।- |

- दरभाउपत्र फारम दस्तुर दाखिलाको लागि
- Account Name: Ga 1.1 TULSIPUR UPA.MAHA.NA.PA. AANTARIK RAJASHO KHATA , Account Number : ०३१०१४००२५००९२ Bank Name: Nepal Investment Mega Bank Nepal Ltd Tulsipur Dang
- धरौटी रकम देहायको बैंक खातामा जम्मा वा बाणिज्य बैंकले यस कार्यलयको नाममा जारि गरेको कम्तिमा दरभाउपत्र खोलेको मितिबाट ७५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र पेश गर्नुपर्नेछ ।

Account Name GA 3.1 TULSIPUR UPA.MAHA.NA.PA.DHARAUTI KHATA = Account Number ०३१०१४००२५००३० Bank Name: Nepal Investment Mega Bank Nepal Ltd Tulsipur Dang

- सम्बन्धित कार्यको दरभाउपत्र पेश मिति २०८१।०२।२४ गते दिनको १२ बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएको बोलपत्रहरु सोहि दिनको २ बजे खोलिनेछ।
- बिस्तृत जानकारी तथा सूचनाको लागि **www.bolpatra.gov.np/egp** मा हेर्न र ९८५७८२१०४७ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

तुलसिपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसिपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**शर्त तथा वन्देजहरु:**

१) दरभाउपत्र वापतको दस्तुर (फिर्ता नहुने गरी) दर्ता प्रमाण पत्र सहित तुलसिपुर स्थित नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क मा यस कार्यालयको Ga 1.1 TULSIPUR UPA.MAHA.NA.PA. AANTARIK RAJASHO KHATA Account Name: Ga 1.1 TULSIPUR UPA.MAHA.NA.PA. AANTARIK RAJASHO KHATA ०३१०१४००२५००९२मा जम्मा गरेको सक्कल बैङ्क भौचरको Scan Copy पेश गरी www.bolpatra.gov.np/egp बाट दरभाउपत्र खरीद गरी रित पुर्वक विद्युतीय दरभाउपत्र पेश गर्नु पर्नेछ ।

२) दरभाउपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% ले हुन आउने धरौटी वापतको रकम नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क स्थित यस कार्यालयको GA 3.1 TULSIPUR UPA.MAHA.NA.PA.DHARAUTI KHATA. ०३१०१४००२५००३० मा जम्मा गरेको सक्कल बैंक भौचरको Scan Copy वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको विडवण्डको सक्कल प्रतिको Scan Copy संलग्न हुनुपर्नेछ ।

३) नियमानुसार मु.अ.करमा दर्ता भएका ईच्छुक फर्म वा कम्पनीबाट अधिकतम अंकमा नबढ्ने गरी घटिघटाउ सहित रित पूर्वक विद्युतीय दरभाउपत्र पेश गर्नु पर्नेछ ।

४) पेश हुन आएका दरभाउपत्र हरु को हकमा १६ औ दिन दिनको २:०० बजे कार्यालय प्रतिनिधी एवं दरभाउपत्र दाता वा निजकोप्रतिनिधीको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न सकिनेछ ।

५)व्यक्तिको हकमा नागरिकता, म्याद कायम रहेको ड्राईभिङ लाईसेन्स, प्रयोग गर्ने गाडीको नविकरण रहेको विल बुक, र म्याद रहेको गाडिको ईन्सुरेन्स कागजात हुनुपर्नेछ।

६। दरभाउपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

७) म्याद नाघी आएको र रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन् ।

८) प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै बेहोर्नु पर्नेछ ।

९) तोकिएको अधिकतम अंकमा घटाघट गरी सबै भन्दा कम अंक कबोल गरेको लाई छनौट गरिनेछ । साथै कबोल अंक बराबर भएमा कम शिरोभार प्रतिशत कबोल गर्नेलाई छनौट गरिनेछ ।

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

तुलसिपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल
२०७३

१०) कार्यादेश लिएको मिति देखि मात्र कार्य संचालन गर्न पाईनेछ ।

११) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

१२) वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गर्न पाईने छैन । साथै सम्बन्धित खोला नदीको स्वीकृत प्रारम्भीक वातावरणीय परिक्षण IEE प्रतिवदेनमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

१३) नदिजन्य पदार्थ ढुवानी कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

१४) ढुवानी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१५) तोकिएकोस्थल बाहेक अन्यत्र भण्डारण या ढुवानी गरे गराएमा प्रचलित कानून बमोजिम हुनेछ।

१६) नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाईने छैन ।

१७) नदिजन्य पदार्थ लोड गरि ओसारपसार गर्ने क्रममा लोड सवारी साधन सडकमा पार्किङ्ग गर्न पाईने छैन।

१८) नदिजन्य पदार्थ ढुवानी गर्दा खटिएका कार्यालयका सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारीहरुको निर्देशन पालना गर्नुपर्नेछ ।

१९) IEE ले निर्दिष्ट गरेको भौगोलिक अवस्थिती GPS Point ले देखाएको अक्षांश र देशान्तरले निर्दिष्ट गरेको तथा हाल स्थलगत दुबै अवस्थालाई आंधार मानि कायम क्षेत्रमा मात्र ढुवानी कार्य गर्नु पर्नेछ ।

२०) नदिजन्य पदार्थको ढुवानी गर्न दिईएको क्षेत्रको चार किल्ला छुट्याइने छ।

२१) जिल्ला अनुगमन तथा समन्वय समिति र यस उपमहानगरपालिकाले समय समयमा दिएको निर्देशन/परिपत्रको अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

२२)उल्लेखित शर्तहरु पालना गर्ने गराउने जिम्मेबारी स्वयं ठेकेदारको हुनेछ । कुनै शर्त पालना नगरेको पाइएमा उपमहानगरपालिकाको निर्णय बमोजिम ठेकेदारबाट जरिवाना असुल गरी ठक्का समेत तोड्न सकिनेछ

२३) ठेकेदार र कार्यालय बीच ठेक्काको शर्त तथा अन्य विषयमा कुनै विवाद भएमा तुलसीपुर उपमहानगरपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्नेछैन ।

२४) ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउंदा लाग्ने करहरु बुझाई सकेको (कर चुक्ता) प्रमाणपत्र पेश गरेपछि मात्र धरौटि वा जमानी फुकुवा गरिनेछ ।

२५) ढुवानी कार्यमा संलग्न चालक, सहचालक तथा सहयोगीको भत्ता, खाना लगायत सम्पूर्ण खर्च ढुवानी व्यबसायीले गर्नु पर्नेछ ।तुलसीपुर उपमहानगरपालिका कार्यालयले सो सम्बन्धी कुनै खर्च गर्ने छैन।

२६) ढुवानी गर्ने स्थल तुलसीपुर उपमहानगरपालिका कार्यालयले तोकीए बमोजिम हुनेछ।

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

तुलसिपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसिपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२७) ढुवानी कार्यमा संलग्न हुदा, ढुवानी गाडी (टिप्पर) बिग्रीएको अवस्थामा, गाडी मर्मतको सम्पूर्ण खर्च ढुवानी व्यवसायीको हुनेछ।

२८) यो सुचनामा उल्लेख नभएका कुराहरुको हकमा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० र सार्वजनिक खरिद ऐन २०६३ साथै अन्य प्रचलित कानुन बमोजिम हनेछ ।

२९) ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी, Website वा राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराइन्छ ।

**गेहेन्द्र बहादुर डाँगी**
प्रमुख प्रशासकीय अधिकृत

तुलसिपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसिपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ ढुवानीका लागी दश चक्के टिप्पर भाडामा लिने सम्बन्धि

## सिलबन्दी दरभाउपत्र फाराम

आ व २०८०।०८१

ठेक्का नं **VR**/01/2080/081

तुलसीपुर उपमहानगरपालिकाको बिभिन्न क्षेत्र

फर्मको नाम ठेगाना :

दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको नाम थर :

दस्तखत :

फर्मको छाप :

सम्पर्क मोबाईल नं. :

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

तुलसिपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसिपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## नदीजन्य पदार्थ ढुवानीका लागी दश चक्के टिप्पर भाडामा लिने सम्बन्धि ठेक्काको दरभाउपत्र फाराम

आ व २०८०।०८१

ठेक्का नं VR/01/2080/081

| ठेक्काको विवरण | अधिकतम भाडा अकं रु (भ्याट सहित) प्रति टिप्पर ,प्रति दिन | कबोल अकं रु (भ्याट सहित) प्रति टिप्पर ,प्रति दिन | कबोल अकं रु (भ्याट सहित) प्रति टिप्पर ,प्रति दिन (अक्षरमा,) | संलग्न कागजात | कैफियत |
|---|---|---|---|---|---|
| नदीजन्य पदार्थ ढुवानीका लागी दश (१०) चक्के टिप्पर भाडामा लिने सम्बन्धि ठेक्का | २०,०००।०० | | | | |

धरौटी रकम रु. :

फर्मको नाम ठेगाना :

दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको नाम थर :

दरभाउपत्र दाताको आधिकारिक व्यक्तिको दस्तखत :

फर्मको छाप :

सम्पर्क मोबाईल नं. :

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत